**खैरहनी नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवनको सूचना

## खैरहनी नगरक्षेत्र भित्रका घरधुरी, पसलकवल, व्यवसाय तथा संस्थागत क्षेत्रबाट निस्कने फोहरजन्य पदार्थ संकलन तथा व्यवस्थापन गर्ने कार्यका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७४/०८/१५ गते)

नेपाल सरकारले कार्यान्वयनमा ल्याएको फोहरमैला व्यवस्थापन ऐन २०६८ तथा वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७० बमोजिम फोहरमैलालाई प्राथमिक चरणदेखि नै जैविक तथा अजैविक फोहरको वर्गिकरण सहितको संकलन, ढुवानी तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन खैरहनी नगरपालिकाको मिति २०७४/०८/१३ को निर्णय अनुसार नगरपालिकाका १३ वटै वडामा शुल्कमा आधारित फोहोर व्यवस्थापन सेवालाई **सार्वजनिक निजी साझेदारी अवधारणा** बमोजिम यसै आ.व. देखी न्यूनतम २ बर्षका लागि व्यवस्थापन करार अन्तरगत सेवा सञ्चालन गर्ने भएकोले ईच्छुक संघ, संस्था, कम्पनी वा व्यक्तिहरुलाई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन भित्र आफूले व्यवस्थापन गर्न चाहेको सेवा, शर्त तथा सुविधा सहित देहाय बमोजिमको विवरण खुल्ने गरी विस्तृत कार्ययोजना सहितको प्राविधिक तथा वित्तीय प्रस्ताव यस नगरपालिका कार्यालयमा आइपुग्ने गरी सिलवन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावसँगै खुलाउनु पर्ने मूख्य मूख्य विवरणहरुः**

१. नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता र नविकरण, प्रचलित कानून बमोजिम सेवा सञ्चालनको लागि अनुमति लिनु पर्ने भए सो को अनुमतिपत्र, स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिबृद्धिकर (VAT) दर्ता प्रमाणपत्र, र आ.व. २०७२/०७३ सम्मको करचुक्ता प्रमाणपत्र जस्ता कागजातहरुको प्रमाणित प्रतिलिपि ।

२. प्रस्तावकले प्रस्ताव पेश गर्दा खैरहनी नगरपालिका क्षेत्रभित्रबाट निस्कासन हुने फोहरजन्य पदार्थको संकलनमा जैविक तथा अजैविक फोहरको पृथकिकरण, पुनःप्रयोगयोग्य, पुनचक्रणयोग्य तथा खतराजन्य फोहरलाई छुट्याउने, पृथकिकरण गर्ने, पुनचक्रणको बिधिबाट पुनःउत्पादन र उपचार सहितको अन्तिम बिसर्जनको काम सम्बन्धी दिर्घकालिन सोच, कार्यक्रम, स्पष्ट कार्ययोजना, यसका लागि परिचालन गरिने भौतिक, मानवीय श्रोत साधन, सेवा सञ्चालन तथा व्यवस्थापन पद्धति सहितको प्राविधिक प्रस्ताव र सेवा सञ्चालन गर्दा लाग्ने शिर्षकगत लागत, संस्थाले उपभोक्ताबाट मासिकरुपमा संकलन गर्ने शुल्क तथा नगरपालिकाबाट अपेक्षा गरिएको आर्थिक तथा प्रशासनिक सहयोगको खाका अन्य कुनै भए सो समेत खुल्ने गरी वित्तीय प्रस्ताव ।

३. प्रस्तावकले प्रस्ताव पेश गर्दा यस नगरपालिकाको नाउँमा कृषि विकास बैङ्क शाखा खैरहनी पर्सामा रहेको धरौटी खाता नं. ०५०९१०११५१०६४०४३ मा नगद रकम रु. १,००,०००।- (एक लाख रुपैया) जम्मा गरेको वैंक भौचर ।

४. पेश भएका सिलवन्दी प्रस्ताव ३१ औं दिनको १२ बजे खोलिनेछ । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट खोलिनेछ । उक्त दिन र समयमा प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित हुनु पर्नेछ । प्रस्तावक र प्रतिनिधि उपस्थिति नभएपनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

५. प्रस्तावक संस्था यस नगरपालिकामा सूचिकृत भएको हुनु पर्नेछ ।

६. संस्थाले फोहोरमैला संकलन गरेवापत सम्बन्धित उपभोक्ताबाट लिन पाउने सेवा शुल्क यस नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

७. प्रस्ताव सम्बन्धी फाराम यस नगरपालिकाबाट रु. ३०००।- मा नगद तिरी खरिद गर्नु पर्नेछ ।

८. प्रस्ताव स्विकृत गर्ने नगर्ने अन्तिम अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

**यस विषयमा थप जानकारी आवश्यक परेमा खैरहनी नगरपालिकामा सम्पर्क राख्नु हुन अनुरोध छ ।**